# नेपालीसँग नाकामा पैसा असुल्दै भारतीय भन्सार कर्मचारी



धनगढीमा **तेजराज भट्ट**

दसैं मनाउन भारतको बैंग्लोरबाट स्वदेश फर्कंदै गरेका दार्चुलाको खलंगाका सुरज धामीले गौरीफन्टा नाका पार गर्नुअघि भारतीय भन्सार कर्मचारीलाई भारु सय बुझाउनुपर्‍यो। सामान ल्याएको बहानामा भारतीय भन्सार कर्मचारीले धामीसँग जबर्जस्ती पैसा असुल गरेका हुन्। 'घरपरिवारलाई अलिअलि कपडा ल्याएको थिएँ, सामान हेरेजस्तो गरेर पैसा मागे,' बिहीबार बिहान नाकामा भेटिएका धामीले भने, 'दिन्न भन्दा मानेनन्, घर फर्कने वेला के विवाद गर्नु भनेर सय भारु दिएर आएँ।' बैंग्लोरमा होटेलमा काम गर्ने उनी दसैं मनाउन एक वर्षपछि घर फर्कन लागेका हुन्।

डोटीको बोग्टान-फुड्सिल गाउँपालिका पोखरीका प्रेम कठायतले पनि गौरीफन्टामा भारतीय कर्मचारीलाई सय भारु बुझाए। भारतको महाराष्ट्र कोलापुरमा चिनियाँ होटेलमा काम गर्ने उनी दसैं मनाउनकै लागि बिदा लिएर स्वदेश फर्केका हुन्। नाकामै भेटिएका उनले सामान ल्याएको बहानामा नाकामा खटिएका भारतीयले जबर्जस्ती पैसा असुलेको गुनासो गरे।

'घरमा बालबच्चाका लागि कपडा ल्याएको थिएँ, भित्र बोलाएर सामान हेरेपछि दुई सय रुपैयाँ मागे,' नाकावारि सशस्त्र प्रहरीको सहायता कक्षमा आफ्नो नाम टिपाइरहेका कठायतले भने, 'पैसा दिन्न भन्दा घर जाने मन छ कि छैन भन्न थाले, सय रुपैयाँ दिएर आएँ।' कठायतसँगै पोखरीका नौजना सँगै फर्कन लागेका थिए। आफूहरू सबैले सय-सय रुपैयाँ तिरेर आएको उनले बताए। 'अर्काको देशमा दुःख गरेर आउँछौँ, बाटोमा यसरी जबर्जस्ती पैसा असुल्दा नराम्रो लाग्छ,' कठायतले भने।

**सामान ल्याएको बहानामा जबर्जस्ती प्रतिव्यक्ति दुई-तीन सयसम्म असुल्ने गरेको नेपालीको गुनासो**

दसैं सुरु भएसँगै गौरीफन्टा नाकामा भारतबाट फर्कने नेपाली कामदारको घुइँचो लागेको छ। नाकामा बिहीबार बिहानैबाट घर फर्कनेको घुइँचो थियो। भारतमा काम गरेर दसैं मनाउन घर फर्किरहेका नेपालीसँग नाकामा भारतीय भन्सार कर्मचारीले जबर्जस्ती पैसा असुल्न थालेका हुन्। पैसा नदिए उनीहरूले सामान जफत गर्ने, थुनेर राख्ने भनेर डराउने गरेको घर फर्कने नेपालीको गुनासो छ। सामान हेरेर प्रतिव्यक्ति दुई-तीन सयसम्म असुल्ने गरेको बुझिएको छ। गौरीफन्टा नाकामा सडकछेउमै भारतीय भन्सार कर्मचारी बस्ने खोका छ। त्यहाँ सामान चेकजाँचका नाममा घर फर्कने नेपालीसँग पैसा असुल्ने गरिन्छ। त्यसको केही मिटरवर भारतीय सीमा सुरक्षा बल एसएसबीले पनि सामान चेकजाँच गर्ने गर्छन्।

'भित्र बोलाएर सामान चेक गरेपछि पैसा मागे, केका लागि पैसा दिने भनेर प्रतिवाद गर्न खोज्यौँ,' गौरीफन्टा नाका भएर बिहीबार घर फर्किरहेका सुर्खेतको पञ्चपुरी नगरपालिका बाबियाचौरका मदनबहादुर गुरुङले भने, 'जाने मन भए देऊ भन्न थाले, के झगडा गर्नु भनेर पैसा तिरेर आयौँ।' गुरुङसहित बाबियाचौरका ६ जना सँगै फर्कंदै थिए। पैसा नदिए रोकेर राख्लान् भन्ने डरले ५० देखि सय रुपैयाँसम्म तिरेर आएको त्यही समूहमा रहेका सन्तोष रानामगरले बताए। वारि नाकामै सशस्त्र प्रहरीको पोस्ट छ। चाडपर्वलाई लक्षित गरेर सशस्त्र प्रहरी र नेपाल प्रहरीले सीमामा नागरिक सहायता कक्ष पनि सञ्चालनमा ल्याएका छन्। 'पारि नेपालीसँग पैसा असुल्छन् भन्ने थाहा छ, तर हामीले चाहेर रोक्न सक्ने अवस्था छैन,' नाकामा खटिएका एक सुरक्षाकर्मीले भने, 'अलि भनसुन गर्न सक्ने, टाढाबाठा पैसा नतिरेर पनि आउँछन्, सोझासाझालाई डर-त्रास देखाएर पैसा असुलिरहेका छन्।'

सशस्त्र प्रहरी ३४ नम्बर गण धनगढीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक दलबहादुर पाण्डेयले नाकामा घर फर्किरहेका नेपालीसँग पैसा असुल्ने गरेको बुझिएपछि यसबारे आफूले भारतीय अधिकारीसँग कुरा गरेको बताएका छन्। भारतीय भन्सार र वनका कर्मचारीले पैसा असुल्ने गरेको गुनासो आएको उनले बताए। 'पैसा असुल्ने गरेको सुनिएपछि त्यसलाई रोक्न आफैँ गएर भारतीय भन्सारका कर्मचारीसँग कुरा गरेको छु,' सशस्त्र प्रहरी उपरीक्षक पाण्डेयले भने, 'मंगलबार भएको काउन्टरपार्ट मिटिङमा पनि यो कुरा गम्भीरताका साथ उठाएका छौँ।'

# बागमती प्रदेश सरकारले पनि ४५ पालिकालाई गर्‍यो विपत् जोखिमयुक्त घोषणा

## जोखिमयुक्त रहेका पालिकालाई पाँच करोड ८० लाख सहयोग गर्ने प्रदेश सरकारको निर्णय

मकवानपुरमा **पोष्टराज अधिकारी**

११ र १२ असोजको अविरल वर्षाले सबैभन्दा बढी क्षति पुर्‍याएका ४५ स्थानीय तहलाई बागमती प्रदेश सरकारले विपत् जोखिमयुक्त पालिका घोषणा गर्दै आर्थिक सहयोग उपलब्ध गराउने भएको छ। प्रदेश सरकारको शनिबार बसेको मन्त्रिपरिषद् बैठकले ११ जिल्लाका ती पालिकाहरूलाई पाँच करोड ८० लाख आर्थिक सहयोग गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले विपत् जोखिम रहेका पालिकाहरूलाई जोखिम र क्षतिका आधारमा तीन वर्गमा विभाजन गरी आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिए।

मन्त्रिपरिषद् बैठकले सातवटा स्थानीय तहलाई २० लाख, १२ वटा स्थानीय तहलाई १५ लाख र २६ वटा स्थानीय तहलाई १० लाखका दरले रकम दिने निर्णय गरेको उनले बताए। प्रदेश विपत् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहको विपत् व्यवस्थापन कोषमा पठाइने रकम सम्बन्धित पालिकाले राहत वितरणलगायत विपत्को क्षेत्रमा खर्च गर्न सक्ने गरी रकम निकासा गर्न लागिएको मन्त्री लामिछानेको भनाइ छ।

● **सुरजचन्द्र लामिछाने**
प्रवक्ता, प्रदेश सरकार



मन्त्रिपरिषद् बैठकले विपत् जोखिम रहेका पालिकाहरूलाई जोखिम र क्षतिका आधारमा तीन वर्गमा विभाजन गरी आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ। सातवटा स्थानीय तहलाई २० लाख, १२ वटा स्थानीय तहलाई १५ लाख र २६ वटा स्थानीय तहलाई १० लाखका दरले रकम दिने निर्णय भएको छ।

यस्तै, मन्त्रिपरिषद्को बैठकले काभ्रेको रोशी, बेथानचोक र तेमाल गाउँपालिका तथा पनौती नगरपालिका, सिन्धुलीको सुनकोशी गाउँपालिका, ललितपुरको महांकाल गाउँपालिका र मकवानपुरको इन्द्रसरोवर गाउँपालिकालाई बढी जोखिमयुक्त पहिलो वर्गको पालिकाको रूपमा घोषणा गरिएको छ। ती पालिकालाई २० लाखका दरले एक करोड ४० लाख रुपैयाँ दिने निर्णय भएको छ।

यस्तै, दोस्रो वर्गमा काठमाडौंको चन्द्रागिरि र नागार्जुन नगरपालिका, ललितपुरको गोदावरी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका, सिन्धुपाल्चोकको जुगल र लिसंखुपाखर गाउँपालिका, भक्तपुरको सूर्यविनायक नगरपालिका, मकवानपुरको बागमती गाउँपालिका, रामेछापको खाँडादेवी गाउँपालिका, दोलखाको बिगु र धादिङको गजुरी गाउँपालिकालाई १५ लाखका दरले एक करोड ८० लाख रकम निकासा गरिने भएको छ।

यसैगरी, तेस्रो वर्गमा दोलखाको शैलुङ, गौरीशंकर र तामाकोशी गाउँपालिका, धादिङको बेनिघाट रोराङ, नेत्रावती डब्जोङ गाउँपालिका र धुनीबेंसी नगरपालिका, रामेछापको मन्थली र रामेछाप नगरपालिकासहित गोकुलगंगा, दोरम्बाशैलुङ, सुनापति, लिखुतामाकोशी र उमाकुण्ड गाउँपालिका, सिन्धुलीको गोलन्जोर र फिक्कल गाउँपालिका मकवानपुरको बकैया गाउँपालिका, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका, भोटेकोशी, पाँचपोखरी थाङपाल र हेलम्बु गाउँपालिका, काभ्रेको नमोबुद्ध र मण्डनदेउपुर नगरपालिका तथा चौरीदेउराली, महाभारत गाउँपालिका, चितवनको माडी नगरपालिका र इच्छाकामना गाउँपालिका गरी २६ वटा गाउँपालिकालाई १०/१० लाखका दरले दुई करोड ६० लाख रुपैयाँ निकासा गरिने भएको छ।



पहिरोले क्षतिग्रस्त बनेको काभ्रेको बेथानचोक गाउँपालिकाको एक बस्ती। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

### ■ विपत् कोषमा मुख्यमन्त्री र मन्त्रीहरूको १५ दिनको तलब जम्मा गरिने

यस्तै, बागमती प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूले १५ दिनको तलब विपद् कोषमा जम्मा गर्ने भएका छन्। प्रवक्ता एवं आन्तरिक मामिलामन्त्री लामिछानेले प्रदेश विपत् कोषमा प्रदेशका १३ जना मन्त्रीको १५ दिनको तलबबापत चार लाख २७ हजार रुपैयाँ जम्मा हुने जानकारी दिए। जसअनुसार विपत् कोषमा मन्त्रीहरूले प्राप्त गर्दै आएको ६० हजार रुपैयाँको आधा रकम (३० हजार १६० रुपैयाँ) र मुख्यमन्त्रीले लिँदै आएको ७० हजार रुपैयाँको आधा रकम ३५ हजार जम्मा हुनेछ। यसैगरी, प्रदेश सरकारले चणिकलाल तामाङलाई दिने भनी यसअघि घोषणा गरेको एक लाख ५० हजार रुपैयाँ निकासा गर्ने निर्णय पनि गरेको छ। गत १२ असोजमा ललितपुरको नख्खुखोलामा आएको बाढीमा बग्दै गरको दुईजनाको जीवनरक्षा गरेको भन्दै उनलाई प्रदेश सरकारले सम्मान गर्ने निर्णय गरेको थियो।

### ■ सात स्थानीय तहलाई २० लाख

**काभ्रे** : पनौती नगरपालिका, रोशी गाउँपालिका, बेथानचोक गाउँपालिका, तेमाल गाउँपालिका
**सिन्धुली** : सुनकोशी गाउँपालिका
**ललितपुर** : महांकाल गाउँपालिका
**मकवानपुर** : इन्द्रसरोवर गाउँपालिका

### ■ १२ स्थानीय तहलाई १५ लाख

**काठमाडौं** : चन्द्रागिरि, नागार्जुन नगरपालिका
**ललितपुर** : गोदावरी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका
**सिन्धुपाल्चोक** : जुगल गाउँपालिका, लिसंखुपाखर गाउँपालिका
**भक्तपुर** : सूर्यविनायक नगरपालिका
**मकवानपुर**: बागमती गाउँपालिका
**रामेछाप** : खाँडादेवी गाउँपालिका
**दोलखा** : बिगु गाउँपालिका
**धादिङ** : गजुरी गाउँपालिका

### ■ २६ स्थानीय तहलाई १० लाख

**दोलखा** : शैलुङ गाउँपालिका, गौरीशंकर गाउँपालिका, तामाकोशी गाउँपालिका
**धादिङ** : बेनिघाट रोराङ गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, धुनीबेंसी नगरपालिका
**रामेछाप** : मन्थली नगरपालिका, रामेछाप नगरपालिका, गोकुलगंगा गाउँपालिका, दोरम्बाशैलुङ गाउँपालिका, सुनापति गाउँपालिका, लिखुतामाकोशी गाउँपालिका र उमाकुण्ड गाउँपालिका
**सिन्धुली** : गोलन्जोर गाउँपालिका र फिक्कल गाउँपालिका
**मकवानपुर** : बकैया गाउँपालिका
**सिन्धुपाल्चोक** : मेलम्ची नगरपालिका, भोटेकोशी गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका र हेलम्बु गाउँपालिका
**काभ्रे** : नमोबुद्ध नगरपालिका, मण्डनदेउपुर नगरपालिका, चौरीदेउराली गाउँपालिका, महाभारत गाउँपालिका
**चितवन** : माडी नगरपालिका, इच्छाकामना गाउँपालिका

# 'उपनिर्वाचनमा माओवादी एक्लै प्रतिस्पर्धा गर्छ'



**काठमाडौं**/ माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी उपनिर्वाचन र ०८४ को निर्वाचनमा माओवादीले एक्लै उम्मेदवारी दिएर प्रतिस्पर्धा गर्ने बताएका छन्। विगतमा कहिले कांग्रेस र कहिले एमालेसँग गठबन्धन गरेर चुनाव लड्दा माओवादीको पहिचान नै कमजोर हुन पुगेको उनले बताए।

माओवादी दोलखा-काठमाडौं सम्पर्क समन्वय समितिले शनिबार राजधानीमा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रियालाई सम्बोधन गर्दै प्रचण्डले अब देशव्यापी रूपमा एकल प्रतिस्पर्धामा जाने गरी माओवादीले तयारी थालेको बताए। त्यसको सुरुवात आगामी मंसिरमा हुने उपनिर्वाचनबाट गरिने उनले स्पष्ट पारे। 'आगामी निर्वाचनमा एक्लै विजय प्राप्त गर्ने गरी तयारी थाल्छौँ। पछिल्लो समय ट्रेकिङ एजेन्सी एसोसिएसन नेपाल (टान)लगायतका कतिपय संस्थामा कांग्रेस-एमाले मिल्दा पनि माओवादी एक्लैले चुनाव जित्यो। अहिले देशव्यापी रूपमा देखिएको जनताको आशा र आकर्षणलाई संगठन निर्माण र जनपरिचालनसँग जोडेर आगामी निर्वाचन एक्लै जित्ने वातावरण बनाउनुपर्छ।' उनले भने। सरकारमा रहँदा सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा थालेको अभियान र त्यसकै कारण सरकारबाट हटाइएकाले जनतामा माओवादीप्रति नयाँ आशा र आकर्षण पैदा भएको प्रचण्डले दाबी गरे।

पछिल्लो समय प्राकृतिक प्रकोपका कारण सिर्जना भएको संकट समाधानका लागि माओवादीले महत्त्वपूर्ण पहलकदमी लिएको उनले बताए। उनले जनताको सेवा गर्ने अधिकारलाई कसैले खोस्न नसक्ने भन्दै जनताको सेवामा समर्पित हुन नेता तथा कार्यकर्तालाई निर्देशन दिए। 'जनताको सेवा गर्न सरकारमा रहने वा नरहने कुराले अर्थ राख्दैन। अहिले सरकार कहाँ छ भनेर जनताले नभेटाइरहेको वेला बाढीपहिरोका कारण सिर्जना भएको संकट समाधानका लागि हाम्रो पार्टीले अग्रपंक्तिमा रहेर नेतृत्व गरिरहेको छ।' उनले भने 'मुलुक र जनताको नेतृत्व गर्नु भनेको प्रधानमन्त्री हुनु मात्र होइन, जनताको साथमा रहेर जनताको पक्षमा आन्दोलनको नेतृत्व गर्नु पनि हो।' सबैतिरका समस्यालाई लिएर सरकारलाई चाँडै ज्ञापनपत्र बुझाउने र त्यसलाई जनताको बिचमा पनि यथार्थ जानकारी दिने प्रचण्डले बताए। प्रचण्डले यस वर्ष दसैं-तिहारमा शुभकामना आदान-प्रदानभन्दा संकटमा परेका जनताको सेवा गर्ने कार्यक्रम बनाउन आग्रह गरे।

कार्यक्रममा पूर्वसभामुख एवं माओवादी उपाध्यक्ष अग्नि सापकोटाले पार्टीको सिंगो केन्द्रीय समिति अध्यक्ष प्रचण्डको नेतृत्वमा गोलबन्ध र एकताबद्ध रहेको बताए। उनले आगामी केन्द्रीय समिति बैठकले संगठन निर्माण र जनपरिचालनका कार्यक्रम अघि सार्ने जानकारी दिए। सबै दलका नेताहरूको विवेक र चेतनाको परीक्षण भएको उल्लेख गर्दै सापकोटाले सबैभन्दा अग्रगामी र परिवर्तनकारी माओवादी भएको बताए।

# आठ किलो सुनसहित दुई भारतीय पक्राउ





**मकवानपुर**/ मकवानपुर प्रहरीले हेटौंडाबाट ११ करोड ४३ लाखभन्दा बढीको अवैध सुनसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत महाराष्ट्र राज्य सांगलीका २५ वर्षीय अभिषेक अजिनाथ कुटी र सोही स्थानका २७ वर्षीय राहुल भिट्टिहाल बाड रहेका छन्। उनीहरूलाई शनिबार बिहान ३ बजेतिर पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१५ मा रहेको चेकपोष्टअगाडिबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको उनीहरू सवार बागमती प्रदेश ०२-०४७ प ७५०३ नम्बरको स्कुटीबाट आठ किलो दुई सय ४३ ग्राम ९७० मिलिग्राम बिस्कुट आकारका आठ थान सुनका टुक्रा बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एवं प्रहरी उपरीक्षक विश्वराज खड्काले उक्त सुनको शनिबारको बजारमूल्य ११ करोड ४३ लाख ५७ हजार ८७८ रुपैया ६५० पैसा रहेको जानकारी दिए। उनले ती व्यक्तिहरूले भारतबाट नेपाल प्रवेश गराइएको उक्त सुन जनकपुरबाट बसमा र पथलैयाबाट स्कुटरमा ल्याएको र काठमाडौं लैजान लागेको खुलेको बताए।

पक्राउ परेका अभिषेक अजिनाथ कुटी र राहुल भिट्टिहाललाई नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारा पठाएको प्रहरी प्रमुख खड्काले जानकारी दिए।

# प्रेस काउन्सिलको 'एयर बुक' सार्वजनिक




**काठमाडौं**/ प्रेस काउन्सिल नेपालले ५५औं वार्षिकोत्सवको अवसरमा नेपाली सञ्चार जगत्को समग्र वस्तुस्थिति समेट्ने गरी अंग्रेजी भाषामा मिडिया 'एयर बुक' (वर्ष पुस्तक) प्रकाशन गरेको छ। नेपाली सञ्चार क्षेत्रबारे अंग्रेजी भाषामा आधिकारिक प्रकाशन नभएकाले काउन्सिलले उक्त अभाव टार्ने गरी पहल गरेको अध्यक्ष बालकृष्ण बस्नेतले जानकारी दिए। मिडिया क्षेत्रमा हरेक वर्षका प्रमुख घटना, प्रवृत्ति, नीति र कार्यक्रमको विवेचना गर्दै वर्ष पुस्तक प्रकाशन भएको हो। नेपालभित्र मात्र नभई अन्तराष्ट्रिय रूपमा नै नेपाल र नेपाली मिडियाबारे चासो राख्नेहरूलाई यो पुस्तक उपयोगी हुनेछ। 'हाम्रा प्रायः सबै प्रकाशन नेपाली भाषामा हुँदा बाहिरी जगत्लाई मिडियाको अवस्था बुझाउन कठिन थियो। आधिकारिक रूपमा अंग्रेजीमा प्रकाशन नभएको सन्दर्भमा एयर बुकको अवधारणाले सिंगो प्रेस जगत् बुझाउन सजिलो भएको छ,' प्रकाशनबारे अध्यक्ष बस्नेतले भने। उक्त प्रकाशनको प्रारम्भिक रूपमा राष्ट्रपति रामचन्द्र पौडेलले काउन्सिलको वार्षिकोत्सवका अवसरमा सार्वजनिक गरेका थिए। शनिबारदेखि भने यसलाई आमनागरिकमाझ ल्याएको काउन्सिलको भनाइ छ। यो वर्षको एयर बुक संस्करणमा जम्मा १६ वटा लेख प्रकाशित छन्।

# पहिरोले पुरेर ट्रेकिङमा गएका कुकको मृत्यु

**ताप्लेजुङ**/ पर्यटकसहित कञ्चजंघा बेसक्याम्पतर्फ ट्रेकिङ जाँदै गरेका एकजना कुकको पाहिरोले पुरेर मृत्यु भएको छ। फक्ताङलुङ गाउँपालिका-६ सेखाथुमबाट कञ्चनजंघा बेसक्यापतर्फ जानेक्रममा इटहरा भन्ने ठाउँमा माथिबाट खसेको पहिरोले पुरेर संखुवासभा सिलिचोङ गाउँपालिका-५ बस्ने ४० वर्षीय टीकाबहादुर राईको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी निरीक्षक विवेश बस्नेतका अनुसार ट्रेकिङ टोलीमा तीनजना जापानिज पर्यटकसहित एकजना गाइड, एकजना कुक र १३ जना भरिया थिए। उनीहरूमध्ये माथिबाट आएको पहिरोले पुरिएर राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।


Ministry of Physical Infrastructure and Transport

**Department of Roads**

Federal Road Supervision and Monitoring Office

**Dhangadhi-Khutiya-Dipayal-Chainpur-Uraibhanjhang Road Project**

B.P. Nagar, Doti

***Invitation for Bid***

Notice No: 01-DKDRP/081/82

Date of Publication: 2081-06-20 (6 Oct. 2024)

1. Dhangadhi-Khutiya-Dipayal-Chainpur-Uraibhanjhang Road Project B.P. Nagar, Doti invites online bid under e-procurement system through National competitive bidding (NCB); Single stage two envelope bidding procedure from all eligible bidders for the works mentioned below.

| S.N. | NCB No. | Name of the work | Bid Security Amount NRs. | Bid/Bid Bond Validity Period | Fees for Bid Documents (NRs.) |
|---|---|---|---|---|---|
| 1 | DKDRP/33701160/ 081/82-01 | Construction of Double cell Box Culvert & Roadway Excavation Works, Kailali. (Ch.0+000, 7+100 and 28+200 to 28+600 Km) | 11,59,000 | 90 days/120 days | 5,000.00 |
| 2 | DKDRP/33701160/ 081/82-02 | Construction of Double cell Box Culvert & Crash Barrier Works, Doti. (Ch.97+000, 108+000) | 11,00,000 | 90 days/120 days | 5,000.00 |
| 3 | DKDRP/33701160/ 081/82-03 | Construction of Retaining Structural Works, Doti. (Ch 97+000 to 105+200 Km) | 11,83,000 | 90 days/120 days | 5000.00 |
| 4 | DKDRP/33701160/ 081/82-04 | Construction of Retaining Structural works,Doti. (Ch.105+200 to 105+108+000) | 11,95,000 | 90 days/120 days | 5000.00 |

2. Details of Bidding.

| Last Date and Time of Submission | Date and Time of opening | Date, time and venue of Pre bid meeting | Details for Cash deposit for Bid Document Fee | Details for Cash Deposit for Bid Security |
|---|---|---|---|---|
| Date: 2081-07-21 Time: Within 12:00 hours | Date: 2081-07-21 Time: 13:00 hrs | Date: 2081-07-11 Time: 13:00 hrs; Project Site Office, Dhangadhi, Kailali | **Name of the Bank:** Rastriya Banijya Bank, Doti **Revenue A/c Name:** Dhangadhi-Khutiya-Dipayal-Chainpur-Uraibhanjhangr Road project **Office Code No.:** 337017102 **Account No.:** 1000100200010000 **Rajaswa (Revenue) Shirshak no.:** 14229 | Name of the bank: Rastriya Banijya Bank, Doti Deposit Account Name: District Treasury Office, Doti Office Code No.: 305017101 Account No.: 4100100102030000 |

For further details of the Notice of Invitation for bidding, interested Bidders are requested to visit the notice board of Project Office or PPMO's Web Address: www.bolpatra.gov.np/egp.

**Project Manager**